# नेपाल गजेट

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १६] काठमाडौं, कार्तिक १ गते २०२३ साल [अतिरिक्ताङ्क ३०

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरवारको
### सूचना

श्री ५ महाराजाधिराजबाट पुलिस सेवामा भर्ना भै मिति ०२३ साल ज्येष्ठ २६ गते-सम्म अविच्छिन्न नोकरी वर्ष १२ (बाह्र) पुगेका अधिकृत तथा जवानहरू सबैलाई "प्रहरी सेवा पदक" प्रदान गरिबक्सेको छ ।

हुकुम बक्सेबमोजिम
(सरदार हंसमान सिंह)
श्री ५ महाराजाधिराजका प्रमुख सचिव ।

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरवारको
### विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट खण्ड १६ मिति ज्येष्ठ २६,०२३ अतिरिक्ताङ्क ७ (क) भाग ४ को नेपाल गजेटमा प्रकाशित "सेवा पदक" को नाम "सैनिक सेवा पदक" मा परिणत गर्न तथा देहायका पदक प्रचलनमा ल्याउन मिति २०२३।२।२६ मा स्वीकृती प्रदान गरिबक्सेको छः—



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**प्रहरी सेवा पदक**

पुलिस सेवामा अविच्छिन्न १२ वर्षसम्म सेवा गर्ने पुलिस अधिकृत तथा जवानलाई यो पदक प्रदान गरिने छ ।

हुकुम बक्सेबमोजिम
सरदार हंसमान सिंह
श्री ५ महाराजाधिराजका प्रमुख सचिव ।

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरवारको
## विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट मिति २०२३।६।२८।६ मा राज–प्रासाद दीर्घसेवापट्ट, सैनिक दीर्घसेवापट्ट, जानपद दीर्घसेवापट्ट र प्रहरी दीर्घसेवापट्टका सम्बन्धमा देहायबमोजिमको व्यवस्था गरिबक्सेको छ तथा निम्नलिखित पदक प्रचलनमा ल्याउन स्वीकृति बक्सेको छः–

१. राज–प्रासाद दीर्घसेवापट्टः–

राज–प्रासाद सेवामा अविच्छिन्न २५ वर्ष सेवा गर्ने कर्मचारीलाई यो पदक प्रदान गरिने छ ।

२. सैनिक दीर्घसेवापट्ट

शाही सेनामा अविच्छिन्न २५ वर्ष सेवा गर्ने शाही सैनिकलाई यो पदक प्रदान गरिने छ ।

३. जानपद दीर्घसेवापट्ट

निजामती सेवामा अविच्छिन्न ३० वर्ष सेवा गर्ने कर्मचारीलाई यो पदक प्रदान गरिने छ ।

४. प्रहरी दीर्घसेवापट्ट

पुलिस सेवामा अविच्छिन्न २५ वर्ष सेवा गर्ने प्रहरीलाई यो पदक प्रदान गरिने छ ।

५. नेपाल भूषण

कदर लायक कुनै प्रशंसनीय कार्य गर्ने जुनसुकै व्यक्तिलाई यो पदक प्रदान हुन-सक्ने छ ।

हुकुम बक्सेबमोजिम
सरदार हंसमान सिंह
श्री ५ महाराजाधिराजका प्रमुख सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४२८